## वस्तुगत प्रश्नोत्तर

१. **'टाइम्स पर्सन अफ दि इयर–२०२०' घोषित हुन सफल व्यक्तित्व को हुन् ?**



- नवनिर्वाचित अमेरिकी राष्ट्रपति जो बाइडेन र उपराष्ट्रपति कमला ह्यारिस ।
- अमेरिकास्थित टाइम्स पत्रिकाले पहिलोपटक सन् १९२७ मा चार्ल्स लिन्डवर्गलाई 'टाइम्स पर्सन अफ दि इयर' घोषित गरेको ।
- टाइम्स पत्रिकाद्वारा सन् १९४९ मा विन्स्टन चर्चिललाई 'म्यान अफ दि हाफ सेन्चुरी', सन् १९८९ मा मिखायल गोर्भाचोभलाई 'म्यान अफ दि डिकेड' एवम् सन् १९९९ मा अल्बर्ट आइन्स्टाइनलाई 'पर्सन अफ दि सेन्चुरी' घोषणा गरेको ।
- टाइम्स पत्रिकाले सन् २०१९ मा वातावरण अभियन्ता १६ वर्षीया ग्रेटा थनवर्गलाई टाइम्स वर्ष व्यक्ति घोषणा गरेको ।

२. **सन् २०२० जनवरी १२ मा नेपाल सरकारबाट सम्मानार्थ नेपाली नागरिकता प्राप्त गर्ने विदेशी व्यक्तित्व को हुन् ?**
- उम डङ्गिल

३. **नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान नाष्टद्वारा निर्माण गरिएको पहिलो 'ह्युमोनोइड एआई रोबोट' कुन हो ?**
- यान्त्रिका रोबोट ।
- (विक्रम संवत् २०७७ कात्तिक ३ मा सार्वजनिक गरिएको ।)

४. **अन्तर्राष्ट्रिय स्वयम्सेवक दिवस कहिले मनाइन्छ ?**
- डिसेम्बर ५ ।

५. **निजामती सेवामा रहेको आरक्षणसम्बन्धी व्यवस्था कति वर्षमा पुनरावलोकन गर्नुपर्ने प्रावधान रहेको छ ?**
- प्रत्येक १० वर्षमा ।
- (नेपालको निजामती सेवामा आरक्षणको व्यवस्था निजामती सेवा नियमावलीमा दोस्रो संशोधन गरी विसं २०६४ देखि प्रारम्भ गरिएको हो ।)

६. **'इतिहासविना राजनीतिको कुनै जरा हुँदैन र राजनीतिविना इतिहासको कुनै फल हुँदैन' भन्ने विद्वान् को हुन् ?**
- सीले ।

७. **नेपालको संविधान (२०७२) अनुसार शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा कसमा हुनेछ ?**
- मन्त्रिपरिषद् ।

८. **'राना थारू'लाई आदिवासी/जनजाति सूचीमा समावेश कहिले गरिएको हो ?**
- विसं २०७७ जेठ ५ ।
- योसँगै आदिवासी, जनजातिको सूचीमा सूचीकृत सङ्ख्या ६० पुगेको ।
- राना थारूलाई आदिवासी जनजातिको सूचीमा सूचीकृत गर्न मन्त्रिपरिषद्ले विसं २०७६ माघ २० मा निर्णय गरेको थियो ।

९. **अमेरिकाको प्रतिष्ठित सम्मान 'लिजन अफ मेरिट' अवार्डबाट सम्मानित राजनीतिज्ञ को हुन् ?**
- भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी (सन् २०२० डिसेम्बर) ।
- यो अवार्ड अन्य देशका प्रमुखलगायत अमेरिकी सेनाका अधिकारीहरूलाई प्रदान गर्ने गरिन्छ ।
- मोदीले भारतलाई अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याएको योगदान तथा भारत अमेरिकाको सम्बन्धलाई बलियो बनाउन उल्लेख भूमिका निर्वाह गरेको भनी यो अवार्ड प्रदान गरिएको ।



- यो सम्मानका लागि डोनाल्ड ट्रम्प आफैँले प्रधानमन्त्री मोदीको नाम प्रस्ताव गर्नुभएको थियो । प्रधानमन्त्री मोदीबाहेक ट्रम्पले यो सम्मान अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसन र जापानका पूर्वप्रधानमन्त्री सिन्जो आबेलाई दिइसक्नुभएको छ । ती दुवै देशसँग पनि अमेरिकाको राम्रो सम्बन्ध रहेको छ । चीनको चुनौतीलाई परास्त गर्न अमेरिकाले भारत, जापान र अस्ट्रेलियासँग मिलेर क्वार्डको गठन पनि गरेको छ ।

१०. **निजामती कर्मचारीहरूले एकैप्रकारको पोसाक लगाउनुपर्ने व्यवस्था कहिलेदेखि गरिएको हो ?**
- विसं २०६८ साउन १ ।

११. **नेपालको कुन ठाउँमा सहकारी सङ्ग्रहालय स्थापना गरिने भएको छ ?**
- चितवन ।
- (नेपालकै पहिलो सहकारी संस्था 'बखान बहुउद्देश्यीय सहकारी संस्था' मा राष्ट्रिय सहकारी सङ्ग्रहालय निर्माण प्रक्रिया अघि बढाइएको ।)

१२. **नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (नास्ट) को पहिलो शाखा कहाँ विस्तार गरिएको छ ?**
- महेन्द्रनगर ।
- (नास्टको ३४ वर्षको इतिहासमा पहिलोपटक सुदूरपश्चिम प्रदेशमा शाखा कार्यालय खोलिएको ।)

१३. **विश्वको सबैभन्दा पुरानो टेनिस प्रतियोगिता कुन हो ?**
- विम्बल्डन टेनिस प्रतियोगिता ।



- (सन् १८७७ मा अल इङ्ग्ल्यान्ड लन टेनिस एन्ड क्रोक्वेट क्लबमा पहिलोपटक खेलिएको ।)

१४. **काठमाडौँको चोभारमा निर्माण गर्न थालिएको सुख्खा बन्दरगाह र अन्तर ाष्ट्रिय प्रदर्शनीस्थलमा कुन अन्तर्राष्ट्रिय संस्थाले सहयोग गर्ने भएको छ ?**
- विश्व बैङ्क ।

१५. **बहुमूल्य धातु रत्न, पत्थर कटिङ तथा पोलिसिङका लागि कुन–कुन जिल्लामा रत्न पत्थर प्रशोधन वस्तु विकास केन्द्र स्थापना गरिएको छ ?**
- धादिङ, सुर्खेत र डोटी ।

१६. **सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन को समक्ष पेस गर्नुपर्ने व्यवस्था छ ?**
- राष्ट्रपति ।

१७. **नयाँ राष्ट्रिय स्वास्थ्य नीति कहिले सार्वजनिक भएको हो ?**
- विसं २०७६ असार १६ ।
- स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसङ्ख्या, भूगोल र सङ्घीय संरचनाअनुसार दक्ष जनशक्तिको विकास तथा विस्तार गर्ने उद्देश्यका साथ यो नीति ल्याइएको ।
- यो नीति स्वास्थ्य प्रणालीको विकासको मार्गचित्रका रूपमा रहेको ।

१८. **नाइजेरियामा गएको एक दशकमा आतङ्कवादी गतिविधिका कारण कति नागरिक बेपत्ता हुन पुगेका छन् ?**
- २२ हजार ।
- एक दशक अघि आतङ्कवादी सङ्गठन बोकोहरामले आक्रमण सुरु गरेदेखि हालसम्म करिब २२ हजार नाइजेरियाली नागरिक बेपत्ता भएका ।
- अन्तर्राष्ट्रिय रेडक्रस (आईसीआरसी) ले सन् २०१९ सेप्टेम्बर १२ मा सार्वजनिक गरेको प्रतिवेदनमा यो तथ्य उजागर भएको । यति ठूलो सङ्ख्यामा बेपत्ता नागरिकको सूची सार्वजनिक भएको यो पहिलो हो ।
- सन् २००९ देखि नाइजेरियामा बोकोहरामले सशस्त्र हिंसात्मक आन्दोलन चलाएको छ, जसका कारण २७ हजारको मृत्यु भइसकेको छ भने करिब २० लाख मानिस विस्थापित भएका छन् ।

१९. **बालबालिकाको क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय संस्था किवानिज इन्टर नेसनलको एसिया प्यासिफिक सम्मेलन हालै कहाँ सम्पन्न भयो ?**
- नेपाल (सन् २०२० मार्च) ।
- (एसिया प्यासिफिक क्षेत्रको ४५औँ सम्मेलनमा तीन सय विदेशी पाहुनासहित चार सयजनाको सहभागिता रहेको ।)

२०. **जलविद्युत् क्षेत्रको विकासमा विदेशी लगानी भित्र्याउन अमेरिकी डलरमा विद्युत् खरिद सम्झौता (पीपीए) गर्दा हुने जोखिम न्यूनीकरण गर्न स्थापना गरिएको फण्ड (कोष) लाई के भनी चिनिन्छ?**
- हेजिङ फण्ड ।
- (फण्डको स्थापनापश्चात् विदेशी मुद्रा घटबढको जोखिम यही फन्डमार्फत बेहोरिने । फण्डले विदेशी लगानी बढाउन सहयोग पुग्ने विश्वास गरिएको ।)

२१. **एकपटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी प्रस्तावमा आंशिक रूपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरूप परिमार्जन गर्ने, संरचना स्थानान्तरण वा फेरबदल गर्ने, वन क्षेत्र वा आयोजनाको क्षमता थप गर्नका लागि पेस भएको प्रस्तावउपर पुनः गरिने वातावरणीय प्रभाव मूल्याङ्कनलाई के भनिन्छ?**
- पुरक वातावरणीय प्रभाव मूल्याङ्कन ।

२२. **नेपालमा सर्वप्रथम कागजी मुद्रा कहिलेदेखि प्रचलनमा ल्याइएको हो ?**
- विसं २००२ असोज १ ।
- नेपालमा राणा प्रधानमन्त्री जुद्धशमशेरले एक अध्यादेश जारी गरी विसं २००२ असोज १ देखि कागजी मुद्रा प्रचलनमा ल्याएका थिए ।
- पहिलोपटक रु. १ सय, रु. १० र रु. ५ दरका कागजी नोट जारी गरिएको थियो ।
- सदर मुलुकीखानाबाट जारी गरिएको ती नोटहरूमा दस्तखत गर्ने खजान्ची जनकराज थिए ।

२३. **प्रतिष्ठित क्वालिटी म्यानेजमेन्ट सिष्टम (क्युएमएस) सँग सम्बन्धित आईएसओ ९००१–२०१५ प्राप्त गर्ने नेपाली एयरलाइन्स कुन हो ?**
- हिमालय एयरलाइन्स ।



- नेपाल–चीन संयुक्त लगानीमा सञ्चालित हिमालय एयरलाइन्सले सन् २०२० सेप्टेम्बरमा सो प्रमाणपत्र प्राप्त गरेको ।
- आईएसओ ९००१–२०१५ अन्तर्राष्ट्रिय मानकीकरण सङ्गठन (आईएसओ) द्वारा विकास र प्रकाशित गरिएको एक विश्वव्यापी मान्यता प्राप्त गुणस्तरको स्तर हो ।

२४. **क्यानडाको फ्रेजर इन्स्टिच्युट र समृद्धि फाउन्डेसनको सहकार्यमा सार्वजनिक (सन् २०२० सेप्टेम्बर १० मा) आर्थिक स्वतन्त्रतासम्बन्धी प्रतिवेदन–२०२० मा नेपाल कतिऔँ स्थानमा रहेको छ ?**
- १०९औँ ।
- १६२ देश समेटी तयार पारिएको सो प्रतिवेदनअनुसार हङकङ, सिङ्गापुर, न्युजिल्यान्ड, स्वीट्जरल्यान्ड र अमेरिका उत्कृष्ट पाँच मुलुकअन्तर्गत पर्न सफल भएका ।
- अफ्रिकी गणतन्त्र सबैभन्दा कम आर्थिक स्वतन्त्रता भएको मुलुकमा परेको । सोपश्चात् त्रमशः प्रजातान्त्रिक गणतन्त्र कङ्गो, जिम्बावे, गणतन्त्र कङ्गो, अल्जेरिया र इरान रहेका ।
- आर्थिक स्वतन्त्रता निर्धारणसँग सम्बन्धित विभिन्न सूचकमध्ये नेपाल ऋण, श्रम र व्यवसायको नियमन सूचकमा ७१औँ, कानुनी प्रणाली र सम्पत्ति अधिकारसम्वन्धी सूचकमा १०४औँ, स्वतन्त्रतापूर्वक अन्तर्राष्ट्रिय व्यापार गर्न सक्ने सूचकमा १११औँ एवम् नगदको पहुँचसम्बन्धी सूचकमा १३७औँ स्थानमा रहेको । आर्थिक स्वतन्त्रता मापनका लागि निर्धारण गरिएको १० अङ्कमध्ये नेपालले ६.४८ अङ्क प्राप्त गरेको ।
- आर्थिक स्वतन्त्रतासम्बन्धी सूचक–२०१९ मा नेपाल ११०औँ स्थानमा थियो ।

२५. **औद्योगिक व्यवसाय ऐन–२०७६ अनुसार आफ्नो उत्पादनको कति प्रतिशतभन्दा बढी निर्यात गर्ने उद्योगलाई 'निर्यातमूलक उद्योग' भनिन्छ ?**
- ४० प्रतिशत (ऊर्जामूलक उद्योगबाहेक) ।

२६. **सरकारले किसान वर्गीकरण परिचयपत्र वितरणका लागि पहिलो चरणमा छनोट गरेका (सात प्रदेशका एक/एक) जिल्ला कुन–कुन हुन् ?**
- झापा (प्रदेश–१), पर्सा (प्रदेश–२), काभ्रे (बाग्मती), कास्की (गण्डकी), कपिलवस्तु (प्रदेश–५), सुर्खेत (कर्णाली) र कञ्चनपुर (सुदूरपश्चिम) ।
- केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कलाई आधार मानी एक घरबाट एकजनालाई परिचयपत्र प्रदान गरिने ।
- किसान वर्गीकरण परिचयपत्र वितरण २०७६ साउनदेखि गरिएको ।

नेपालमा किसान परिचयपत्र वितरण कार्यको सुरुवात भने आर्थिक वर्ष
- २०७१/०७२ देखि भएको ।

२७. **प्रशासकीय अदालत ऐन–२०७६ अनुसार सर्वोच्च अदालत वा प्रशासकीय अदालतमा परेको पुनरावेदनको टुङ्गो नलाग्दै पुनरावेदन दिने व्यक्ति सेवाबाट अवकाश भएमा वा निजको मृत्यु भएमा सो पुनरावेदनसम्बन्धमा के व्यवस्था रहेको छ ?**
- पुनरावेदन खारेज नहुने (अन्तिम किनारा गर्नुपर्ने) ।

२८. **सर्वप्रथम एटीएम कार्ड सेवा सुरुवात गर्ने बैङ्क एभरेष्ट बैङ्क हो भने इन्टरनेट बैङ्किङ सुरुवात गर्ने बैङ्क कुन हो ?**
- कुमारी बैङ्क ।
- क्रेडिट कार्ड सुरुवात गर्ने पहिलो बैङ्क : हिमालय बैङ्क) ।

२९. **सार्वजनिक निकायले सेवाग्राहीलाई सूचना प्रदान गर्न अनिवार्य रूपमा सामाजिक सञ्जालको प्रयोग गर्नुपर्ने व्यवस्था कहिलेदेखि लागू गरिएको हो ?**
- विसं २०७५ साउन २८ ।

३०. **बजेट तर्जुमाका लागि सातवटै प्रदेशमा मन्त्रालयगत बजेट सूचना प्रणाली प्रयोगमा ल्याउनेसम्बन्धमा मन्त्रिपरिषद्बाट स्वीकृति कहिले भएको हो ?**
- विसं २०७६ वैशाख ५ (आव २०७६/७७ देखि) । ■

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# वैदेशिक रोजगारका समस्या

१. **नेपालको वैदेशिक रोजगारीमा देखिएका समस्याहरू के–के हुन् ? लेख्नुहोस् ।**

जीवन जिउनका लागि विदेशमा गरिने इलम, काम, पेसा, व्यापार, व्यवसाय वैदेशिक रोजगारी हो । नेपालमा वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न कानुनी र संस्थागत व्यवस्था गरिएको छ र पनि वैदेशिक रोजगारी मर्यादित हुन सकेको छैन । यसमा विभिन्न समस्याहरू देखिएका छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- **क. बाध्यात्मक वैदेशिक रोजगारी :**
- स्वदेशमा रोजगारीको अवसर नहुँदा, कामको सम्मान नहुँदा नेपालीका लागि वैदेशिक रोजगारी स्वेच्छाभन्दा बाध्यात्मक बनेको छ ।
- **ख. यथार्थ सूचनाको अभाव :**
- कुन देशमा कति नेपाली कामदार कस्तो अवस्थामा के–के काम गरेका छन्, सोको यथार्थ सूचनाको अभाव छ । वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड यसबारेमा क्रियाशील देखिएको पाइँदैन ।
- **ग. प्रतिबद्धता लागू नगर्ने गन्तव्य मुलुक :**
- विदेशमा गएपछि प्रतिबद्धताबमोजिमको काम नलगाउने, सुविधा नदिने, न्यून पारिश्रमिक दिने, स्वास्थ्य तथा सुरक्षाको अभाव हुने जस्ता समस्या देखिएका छन् ।
- **घ. वैदेशिक रोजगार विभागको कमजोरी :**
- वैदेशिक रोजगार व्यवसायीहरूको दर्ता, नवीकरण, नियमनलगायतका कार्य गर्ने जिम्मेवार निकायका रूपमा रहेको यस विभागका कार्यहरूको गैरजिम्मेवारीपनले समस्या समाधानभन्दा समस्या सिर्जना गरेको पाइन्छ । कानुनसङ्गत कार्य नगर्नु, वैदेशिक रोजगार व्यवसायीहरूको नियमन प्रभावकारी नगर्नु यस विभागको मुख्य कमजोरी हो ।
- **ङ. अपारदर्शी रोजगार व्यवसायी :**
- कतिपय वैदेशिक रोजगार व्यवसायीहरूले कामदारसँग बढी पैसा लिने, झुटा आश्वसन दिने, विदेश नपठाउने, विदेशमा भनेको काम, पैसा नपाउने, ठग्ने प्रवृत्ति हाबी देखिन्छ । वैदेशिक रोजगार व्यवसायीको अपारदर्शी व्यवहार, खराब आचरणजस्ता कारणले पनि ठूलो समस्या सिर्जना गरेको देखिन्छ ।
- **च. आर्थिक कूटनीतिको अप्रभावकारिता :**
- विदेशमा कार्यरत नेपालीको हकहितको संरक्षण, रोजगारी प्रवर्द्धन, समस्यामा परेकाको उद्धार, राहत, समन्वयलगायतका कार्यहरूमा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूको भूमिका कमजोर देखिएको छ ।
- **छ. सीपयुक्त तालिमको अभाव :**
- गन्तव्य मुलुकका श्रम कानुन, भाषा, रहनसहन, कामको सीपलगायतका विषयमा पर्याप्त सीपयुक्त तालिम नहुँदा नेपालीले विदेशमा खासगरी कठिन, जोखिम एवम् अरू देशका श्रमिकले छाडेका फोहोरी कार्य गर्नुपरेको अवस्था छ ।



- **ज. नेपाल बाहिरबाट अवैध बहिर्गमन :**
- वैदेशिक रोजगारीका लागि हाल खुला गरिएका ११० मुलुकबाहेक अरू मुलुकमा नेपाल बाहिरबाट भारतलगायतका देशबाट अवैधानिक रूपमा लुकेर विदेश गएको अवस्था छ ।
- **झ. विदेशबाट प्राप्त पुँजी र सीपको न्यून परिचालन :**
- वैदेशिक रोजगारीबाट प्राप्त पुँजी, सीप, ज्ञान, अनुभव, क्षमताको उत्पादनमूलक क्षेत्रमा परिचालन हुन नसकेको अवस्था छ ।
- **ञ. कमजोर अनुगमन र मूल्याङ्कन :**
- वैदेशिक रोजगार व्यवसायीहरूको दर्ता, नवीकरण, नियमन गर्ने वैदेशिक रोजगार विभाग आफैँमा समस्याग्रस्त छ, त्यसैगरी श्रममन्त्रीको संयोजकत्वमा गठित उच्चस्तरीय वैदेशिक रोजगार समन्वय समितिले वैदेशिक रोजगार व्यवस्थापन कार्यको समन्वय, अनुगमन र मूल्याङ्कन प्रभावकारी रूपमा गर्न नसकेको अवस्था छ ।

२. **नेपालमा के–कस्ता पदमा नियुक्ति हुनुअघि संसदीय सुनुवाइ हुने व्यवस्था छ ?**

नेपालको संविधानको धारा २९२ अनुसार नेपालमा संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने देहायबमोजिमको पदमा नियुक्ति हुनुअघि संसदीय सुनुवाइ हुने व्यवस्था छ :
- क. प्रधान न्यायाधीशको पद,
- ख. सर्वोच्च अदालतका न्यायाधीशको पद,
- ग. न्याय परिषद्का सदस्यको पद,
- घ. संवैधानिक निकायको प्रमुख तथा पदाधिकारीको पद,
- ङ. राजदूतको पद,
- संसदीय सुनुवाइका लागि सङ्घीय संसद्का दुवै सदनका सदस्यहरू रहनेगरी १५ सदस्यीय एक संयुक्त समिति गठन गरिने व्यवस्था छ ।

३. **सशस्त्र प्रहरी निरीक्षक पदको उम्मेदवार छनोट गर्दा के–कस्ता परीक्षाको माध्यमबाट छनोट गर्नुपर्ने व्यवस्था छ ?**

सशस्त्र प्रहरी निरीक्षक पदको उम्मेदवार छनोट गर्दा देहायबमोजिमका परीक्षाको माध्यमबाट छनोट गर्नुपर्ने व्यवस्था छ :
- क. प्रारम्भिक शारीरिक परीक्षण,
- ख. शारीरिक सहिष्णुता,
- ग. विस्तृत स्वास्थ्य परीक्षण,
- घ. मनोवैज्ञानिक व्यक्तित्व (आईक्यू) परीक्षण,
- ङ. लिखित परीक्षा,
- च. गुणमापक परीक्षा,
- छ. विशेष स्वास्थ्य परीक्षण,
- ज. अन्तर्वार्ता ।

४. **नेपालको राष्ट्रिय लक्ष्य 'समृद्ध नेपाल, सुखी नेपाली' प्राप्तिमा सङ्घ, प्रदेश तथा स्थानीय तहको के–कस्तो भूमिका हुनुपर्ला ? चर्चा गर्नुहोस् ।**

आर्थिक वृद्धिदर उच्च, दिगो, फराकिलो, न्यायिक एवम् समावेशी भई समग्र अर्थतन्त्र स्वतन्त्र एवम् आत्मनिर्भर भएको राष्ट्रिय एकतामा आवद्ध स्वाधीन एवम् समुन्नत नेपाल समृद्ध नेपाल हो । यही समृद्ध नेपालमा बसोवास गर्ने स्वास्थ्य, शिक्षित एवम् उच्च जीवनस्तर भएका सबै नेपाली नागरिक सुखी नेपाली हुन् । दोहारो अङ्कको आर्थिक वृद्धिदरसहितको 'समृद्ध नेपाल, सुखी नेपाली' राष्ट्रिय लक्ष्य प्राप्तिमा नेपालमा हाल रहेका तीन तहको सरकार सङ्घ, प्रदेश तथा स्थानीय तहको निम्नानुसारको भूमिका हुनुपर्ने देखिन्छ :

- **सङ्घको भूमिका :**
- मुलुकको समृद्धि र विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
- राष्ट्रिय नीति तथा योजना तय गर्ने,
- नियमनका मापदण्ड निर्धारण गर्ने, समन्वय गर्ने, कार्यान्वयन गर्ने गराउने,
- शान्ति सुरक्षा, सुशासन एवम् स्थायित्व कायम गरी लगानीमैत्री वातावरण निर्माण गर्ने,
- वृहत् पूर्वाधार निर्माण गर्ने,
- आधारभूत वस्तु तथा सेवा प्रवाह गर्ने,
- प्रदेश र स्थानीय तहको सरकारसँग समन्व्य, सहकार्य एवम् सहअस्तित्व कायम गर्दै क्षमता विकास गर्ने,
- निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्रका कार्यहरूमा सहजीकरण गर्ने,
- **प्रदेशको भूमिका :**
- राष्ट्रिय सोच, लक्ष्य एवम् उद्देश्य प्राप्तिमा सहयोग गर्ने, सहकार्य गर्ने,
- प्रादेशिक नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने, समन्वय गर्ने,
- लगानीको उपयुक्त वातावरण तयार गर्ने,
- प्रदेश–प्रदेश र स्थानीय तहबीचमा विकास र समृद्धिका लागि सहकार्य गर्ने, समन्वय गर्ने, प्रतिस्पर्धा गर्ने,
- सुशासन कायम गर्ने,
- रोजगारी अभिवृद्धि गर्ने,
- सेवा प्रवाह गर्ने,
- संस्थागत क्षमता विकास गर्ने,
- जनशक्ति विकास गर्ने,
- **स्थानीय तहको भूमिका :**
- सङ्घ र प्रदेशको विकासको सोच, लक्ष्य एवम् उद्देश्य प्राप्तिमा सहयोग गर्ने, सहकार्य गर्ने,
- लगानीको वातावरण तयार गर्ने,
- एकीकृत सोचका साथ स्थानीय पूर्वाधार, सामाजिक र ग्रामीण विकासमा जोड दिने,
- स्थानीय अर्थतन्त्रको विस्तार गर्ने,
- रोजगारी अभिवृद्धि गर्ने,
- मानव संसाधन विकास गर्ने,
- जनताको सबैभन्दा नजिकको सरकारका रूपमा आधारभूत वस्तु तथा सेवा प्रवाह गर्ने,
- स्थानीय साधन स्रोतको अधिकतम परिचालन गर्ने,
- स्थानीय तहमा क्रियाशील संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने,
- स्थानीय तहदेखि नै लोकतन्त्र, सुशासन, विकास र समृद्धि संस्थागत गर्ने

५. **वाणिज्य बैङ्कले गर्ने बैङ्किङ तथा वित्तीय कारोबारहरू के–के हुन् ? उल्लेख गर्नुहोस् ।**

वाणिज्य बैङ्कले गर्न सक्ने बैङ्किङ तथा वित्तीय कारोबारलाई निम्नअनुसार उल्लेख गर्न सक्नेछ :
- निक्षेप स्वीकार गर्ने,
- निक्षेप परिचालन गर्ने,
- निक्षेप भुक्तानी दिने,
- बैङ्किङ तथा वित्तीय कारोबारहरूको लेनदेन गर्ने,
- मध्यस्थताको काम गर्ने,
- रकमान्तर गर्ने,
- हायर पर्चेज, लिजिङ, हाउजिङ, अधिविकर्षजस्ता कर्जा दिने,
- विदेशी बैङ्क तथा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,
- बैङ्क जमानतपत्र जारी गर्ने,
- नेपाल राष्ट्र बैङ्कबाट पुनर्कर्जा लिने,
- अन्य बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिने दिने,
- प्रचलित कानुनको अधीनमा रही कर्जा अपलेखन गर्ने,
- सेयर, डिबेन्चर, ऋणपत्र आदि जारी गर्ने,
- प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रु चेक, ड्राफ्ट तथा अन्य वित्तीय उपकरण निष्कासन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउन्ट गर्ने, खरिद बिक्री गर्ने,
- विदेशी विनिमय कारोबार गर्ने,
- सरकारी कारोबार गर्ने,
- सरकारी ऋणपत्र खरिद–बिक्री गर्ने,
- विदेशबाट विप्रेषण प्राप्त गर्ने र सोको भुक्तानी गर्ने,
- सुन, चाँदी खरिद बिक्री गर्ने ।

६. **कुनै पाँचवटा सरुवा रोगहरूको नाम लेख्नुहोस् ।**

कुनै पाँचवटा सरुवा रोगहरू निम्न छन् :
- क. क्षयरोग,
- ख. झाडापखाला,
- ग. कोभिड–१९, कोरोना भाइरस
- घ. टाइफाइड,
- ङ. यौनरोग (भिरिङ्गी/एड्स)

७. **जनशक्ति विकासका बहुआयामिक तत्त्वहरू के–के हुन् ? लेख्नुहोस् ।**

जनशक्ति विकासका बहुआयामिक तत्त्वहरू निम्न छन् :
- क. शिक्षा
- ख. तालिम
- ग. अध्ययन भ्रमण
- घ. सूचना
- ङ अनुसन्धान/खोज
- च. स्वास्थ्य
- छ. पोषण
- ज. रोजगारी/आयआर्जन

८. **नेपालमा जैविक विविधताको कसरी संरक्षण गर्न सकिन्छ ? चर्चा गर्नुहोस् ।**

जीवित प्राणी एवम् वनस्पतिहरूको वासस्थान र तिनको वंशाणुगत गुणको जगेर्ना गर्नु जैविक विविधता संरक्षण हो । हिमाल, पहाड र तराईमा विभक्त नेपालको प्रत्येक प्रदेशमा जैविक विविधतामा पनि भिन्नता छ । यिनको संरक्षण गर्नु आवश्यक छ । नेपालमा देहायअनुसार यसको संरक्षण गर्न सकिन्छ :
- नेपालको प्रत्येक भौगोलिक क्षेत्रमा अवस्थित जैविक विविधताको अध्ययन गरी प्रत्येक जीवजन्तुहरूको स्थिति, वासस्थान, अवस्थाबारे जानकारी लिई सोहीअनुसार संरक्षणका कार्यक्रम तर्जुमा गरी लागू गरेर,
- जैविक विविधताको संरक्षणमा स्थानीय सङ्घ संस्था, समुदायको सक्रिय सहभागिता बढाएर,
- जैविक विविधताको महत्त्वबारे जनचेतना अभिवृद्धि गरेर,
- वन–जङ्गल जोगाएर, हरियाली बढाएर, वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गरेर,
- वनसम्पदाको प्रयोगमा कटौती गरेर,
- वन्यजन्तुको संरक्षण गरेर, रासायनिक मल एवम् कीटनाशक औषधिको प्रयोग कम गर्दै गएर,
- जैविक विविधताको संरक्षण गर्न कानुन तर्जुमा गरी कार्यान्वयन गरेर,
- धार्मिक एवम् साँस्कृतिक परम्पराको उपयोग गरेर । जस्तै : वर–पपील, तुलसी, बेल, रुद्राक्ष आदिको जगेर्ना गरेर । ■

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL